# कृषि अनुदान वितरण कार्यविधि, २०७९

## शितगंगा नगरपालिका

### नगरकार्यपालिकाको कार्यालय

ठाडा, अर्घाखाँची

लुम्बिनी प्रदेश, नेपाल

# कृषि अनुदान वितरण कार्यविधि, २०७९

## प्रस्तावना

शितगंगा नगरपालिका क्षेत्रभित्रका किसानहरुलाई ब्यवसायिक र प्रतिष्पर्धी बनाई उनीहरुको आय बृद्धि गरी स्वालम्बी बनाउन बाञ्छनिय भएकोले शितगंगा नगरपालिकाको प्रशासकीय कार्यविधि निर्माण गर्ने ऐन २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी शितगंगा नगरपालिकाको २०७९/०९/२६ गते बसेको बैठकले यो कार्यबिधि स्वीकृत गरेको छ ।

### परिच्छेद -१

### संक्षिप्त नामा र प्रारम्भ

१- संक्षिप्त नामः- यस कार्यबिधिको नाम शितगंगा नगरपालिकाको कृषि अनुदान वितरण कार्यबिधि रहने छ ।

२- प्रारम्भ — यो कार्यबिधि तुरुन्त प्रारम्भ हुनेछ ।

### परिच्क्षेद -२

### परिभाषा

विषय प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिकोमा,

क) “नगरपालिका" भन्नाले शितगंगा नगरपालिकालाई सम्झनु पर्दछ ।

ख) “नगरप्रमुख" भन्नाले शितगंगा नगरपालिकाको प्रमुख सम्झनु पर्दछ ।

ग) “नगर उप- प्रमुख" भन्नाले शितगंगा नगरपालिकाको उप- प्रमुख सम्झनु पर्दछ ।

घ) “प्रमुख प्रशासकीय अधिकृत" भन्नाले शितगंगा नगरपालिकाको प्रमुख प्रशसकीय अधिकृत सम्झनु पर्दछ ।

ङ) “आर्थिक विकास समितिको संयोजक" भन्ननले नगरपालिकाको विषय क्षेत्रगत समिति अन्तर्गतको आर्थिक विकास समिति सम्झनु पर्दछ ।

च) “वडा" भन्नाले शितगंगा नगरपालिककाका सबै वडाहरुलाई सम्झनु पर्दछ ।

छ) "कृषि अनुदान" भन्नाले कृषि/पशुपंक्षी कार्यकालागि नगरपालिकाले उपलब्ध गराउने अनुदानलाई सम्झनु पर्दछ ।

## परिच्छेद — ३

## अनुदान वितिरणका क्षेत्रहरु

क) **साना सिचाई-** ब्यात्तिगत, व्यावसायिक वा सहकारी आवद्ध भएर खेती गर्ने कृषकहरुलाई नगरपालिका तथा वडा कार्यालयबाट साना सिचाई, कुलो मर्मत पाईप वितरण गरी खेती योग्य जमीनमा सिंचाईको व्यावस्था गरिनेछ ।

ख) **साना औजार-** ब्यात्तिगत, व्यावसायिक फर्म, समुह र सहकारीमा आवद्ध कृषकहरुलाई नगरपालिका तथा वडाहरु मार्फत कृषि तर्फ विनियोजन भएका रकमबाट हाते टयाक्टर, पावरटिलर, थोपा सिचाई प्रणालीहरु र प्लाष्टिक टनेलमा ५०% अनुदान दिईनेछ ।

ग) **बीउ वितरण-** नगरपालिका र वडाहरुमा विनियोजन भएको कृषि तर्फको रकमबाट किसानहरुलाई उन्नत बीउ निःशुल्क र मुल विउ, मल , कीटनाषक विषादी र अन्य उत्पादन सँग सम्बन्धि कृषि समाग्रीहरुमा ७५ प्रतिशत अनुदान दिने व्यावस्था मिलाईनेछ ।

घ) **कृषि अनुदान वितिरण** - शितगंगा नगरभित्र ब्यवसायिक रुपामा गरिने नगदे /औद्योगिक बालि,तरकारी तथा फलफुल बालि, मसला तथा जडिबुटि खेति तथा पशुपंक्षी पालन गर्ने तथा गरिरहेका कृषक/कृषि फर्म/कृषक समुह/कृषि सहकारीहरुलाई कृषि क्षेत्र विस्तार, प्रवर्द्धन तथा बजारिकरण गर्न कृषि अनुदान स्वरुप नगद तथा जिन्सि समान निबेदकको मागका आधारमा आवश्यक्ता पहिचान गरि कार्यपालिकाको बैठकको निर्यण बमोजिम रु पाँच लाखमा नबढ्ने गरि अनुदान उपलब्ध गराउन सकिने छ ।

ङ) परिच्छेद- ३ को घ बमोजिम अनुदान प्राप्त गर्न अनुसुचि १ बमोजिमको मापदण्ड पुरा गरेको हुनु पर्ने छ ।

च) **तालिम-** कृषकहरुलाई व्यवसायिक बनाउन र नयाँ प्रविधिहरु सिकाउने खालका तालिम कार्यक्रमहरु नगरपालिका तथा वडाहरुबाट प्रदान गरिनेछ ।

## परिच्छेद — ४

## माछापालन सम्बन्धि ब्यवस्था

(क) शितखोला, गंगाखोला, मन्द्रेखोला र कुसुमखोलामा ट्राउट माछापालन व्यवसाय प्रवर्द्धन गर्न संरचना निर्माणस्थलसम्म सडक पहुच, विद्युत विस्तारमा तथा पोखरी निर्माण गर्न नगरपालिकाले सहयोग उपलब्ध गराउने छ ।

## परिच्छेद—५

व्यवस्थापन खर्च क) पशु र कृषि अनुदान सिफारिस तथा सहजीकरण एकै कृषक सहकारी संस्था वा समूहबाट भएको ले पशुपालन अनुदानमा रहेको व्यवस्थापन खर्च मात्र प्रदान गरिनेछ ।

## परिच्छेद—६

## व्यवस्थपान समिति

क) अनुदान व्यवस्थापन गर्न नगरपालिकामा निम्न बमोजिमको व्यवस्थापन समिति रहनेछ ।

१) नगरप्रमुख- अध्यक्ष

२) नगरउपप्रमुख- सदस्य

३) आर्थिक विकास समितिको संयोजक- सदस्य

४) पशु विकास शाखा प्रमुख- सदस्य

५) कृषि विकास शाखा प्रमुख- सदस्य सचिव

समितिको बैठकमा आवश्यकता अनुसार बढीमा दुईजना सम्म बिषय बिज्ञहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

## परिच्छेद-७

## अनुगमन तथा मुल्यांकन

क) यस कार्य विधि अनुरुप काम भए न भएको सम्बन्धमा कार्यपालिकाले अनुगमन तथा सुझाव दिन सक्नेछ।

ख) यस बमोजिम बितरण भएको अनुदान रकमको जानकारी नगर सभा समक्ष पेश गर्नु पर्नेछ ।

## परिच्छेद-८

## संशोधन तथा परिमार्जन

नगरकार्यपालिकाले यो कार्यविधि जुनसुकै समयमा संशोधन तथा परिमार्जन गर्न सकिनेछ ।

## परिच्छेद-९

## खारेजी तथा बचाउ

यो कार्यविधि प्रचलित नेपाल कानून, प्रदेश कानून र शितगंगा नगरकार्यपालिका कानूनसंग बाझिएमा बाझिएको हद सम्म खारेज वा संशोधन हुनेछ ।

## अनुसूची - १

१. फर्म/कृषक समुह/ सहकारीले प्यानमा दर्ता भई कम्तिमा दुई बर्ष देखि निरन्तर रुपमा कृषि कार्य गरिरहेको हुनु पर्ने छ ।

२. कम्तिमा १० रोपनी क्षेत्रफलमा ब्यावसायिक रुपमा कृषि कार्य गरेको हुनु पर्ने छ ।

३. कृषि कार्य मार्फत रोजगारि तथा बजारिकरण तर्फ उन्मुख भएको हुनुपर्ने छ ।

४ अनुदान प्राप्त गर्न यस नगरपालिकाको कृषि विकास शाखामा दर्ता तथा सूचिकरण भएको हुनु पर्ने छ।

५. अनुदान प्राप्त गर्न कम्तिमा १० बर्ष ब्यवसायिक रुपमा कृषि कार्य निरन्तर गर्न प्रतिद्धता पेश गर्नुका साथै कार्ययोजना हुनु पर्ने ।

६. वडा कार्यालयको सिफारिसमा नगर कार्यपालिकामा पेश गर्नु पर्ने ।

७. यस नगरपालिकाको कृषि विकास शाखको फिल्ड अनुगमन पश्च्यात प्रतिबेदन तथा सिफारीसको आधारमा अनुदान उपलब्ध गराईने ।

**आज्ञाले**

**झबिन्द्र खनाल**

**प्रमुख प्रशासकीय अधिकृत**